तिरहुत गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

गोईठी, सप्तरी

मधेश प्रदेश, नेपाल

तिरहुत गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
शिक्षा युवा तथा खेलकुद शाखा
तिरहुत, सप्तरी
मधेश प्रदेश, नेपाल

## शिक्षक तथा कर्मचारी आवश्यकता सम्बन्धी सूचना ।

प्रथम पटक प्रकाशित मिति २०८१/०१/२५ गते ।

तिरहुत गाउँपालिका अन्तर्गत विभिन्न सामुदायिक विद्यालयहरुमा शिक्षक तथा कर्मचारी आवश्यकता अनुसार तपसिलमा उल्लेख भए बमोजिम गाउँ शिक्षा समितिको मिति २०८०/११/१६ गतेको निर्णय अनुसार खुल्ला प्रतिस्पर्धाबाट स्वयंसेवक शिक्षक तथा कर्मचारीहरुलाई करारमा पदपूर्ति गर्नु पर्ने हुँदा योग्यता पुगेका ईन्छुक नेपाली नागरिकद्वारा यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र यस कार्यालयमा रितपूर्वक दरखास्त दिन यो सूचना प्रकाशन गरिएको छ ।

**तपसिल**

| सि.नं. | विज्ञापन नं. | तह | विषयगत माँग | परीक्षा दस्तुर | माँग संख्या | उमेर हद |
|---|---|---|---|---|---|---|
| १ | ०१/०८०/०८१ | मा.शि. स्वयं सेवक शिक्षक | विज्ञान-१, गणित-१, नेपाली-१, सामाजिक-१ | २१००/- | ४ | १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको, महिलाको हकमा ४५ वर्ष ननाघेको -कार्यरतलाई उमेरस हद लाग्ने छैन । |
| २ | ०२/०८०/०८१ | नि.मा.शि. स्वयं सेवक शिक्षक | अंग्रेजी-१, गणित-१, सामाजिक-१, कम्प्यूटर-३ | १८००/- | ६ | |
| ३ | ०३/०८०/०८१ | प्रा.शि. स्वयंम सेवक शिक्षक | - | १५००/- | ७ | |
| ४ | ०४/०८०/०८१ | पाले | - | ५००/- | ४ | १८ वर्ष पुरा भई ४५ वर्ष ननाघेको |
| ५ | ०५/०८०/०८१ | स्वीपर | - | ५००/- | ३ | |

**आवश्यक न्यूनतम शैक्षिक योग्यता :**

(१) **माध्यमिक तह :**

(क) मान्यता प्राप्त शिक्षक संस्थाबाट स्नातक तह वा सो सरह परिक्षा उतिर्ण गरेको,

(ख) शिक्षा विषयमा कम्तीमा १० महिने तालिम प्राप्त गरेको वा शिक्षा शास्त्रमा स्नातक तह वा सो सरहको परिक्षामा २०० पूर्णाङ्कको शिक्षा विषय लिई उर्तिर्ण गरेको,

(ग) नेपाली नागरिकता प्राप्त गरेको ।

(घ) विज्ञान, गणित, नेपाली र सामाजिक विषयको हकमा स्नातक तह वा सो सरह उतिर्ण गरेको ।

(२) **प्राथमिक तह/निम्नमाध्यमिक तह :**

(क) मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रविणता प्रमाण-पत्र तह वा सो सरहको परिक्षा उतिर्ण गरेको ,

(ख) शिक्षा विषयमा कम्तीमा १० महिने तालिम प्राप्त गरेको वा शिक्षा शास्त्रमा प्रविणता प्रमाण-पत्र तह वा सो सरहको परिक्षामा २०० पूर्णाङ्कको शिक्षा विषय लिई उर्तिर्ण गरेको,

CamScanner

(ग) नेपाली नागरिकता प्राप्त गरेको ।

(घ) अंग्रेजी, नेपाली, विज्ञान र गणित विषयको हकमा सम्बन्धि विषयमा प्रमाण पत्र तह (+2) उतिर्ण गरेको ।

(ङ) सामाजिक विषयको हकमा प्रमाण पत्र तह (+2) उतिर्ण गरेको ।

(३) **कम्प्यूटर अपरेटर/शिक्षक तह :**

(क) मान्यता प्राप्त शैक्षिक संस्थाबाट कम्प्यूटर सम्बन्धी ६ महिने तालिम लिएको वा प्रमाण पत्र तहमा कम्प्यूटर विषय लिई मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रविणता प्रमाण-पत्र तह वा सो सरहको परिक्षा उतिर्ण गरेको ।

(ख) नेपाली नागरिकता प्राप्त गरेको ।

(४) **कार्यालय सहायक/स्वीपर/पाले तथा अन्यको हकमा :**

(क) साधारण लेख पढ गर्न जान्ने ।

(ख) नेपाली नागरिकता प्राप्त गरेको ।

(५) **दरखास्त साथ संलग्न हुने पर्ने कागजातहरु :**

विज्ञापनले तोकेको न्यूनतम शैक्षिक योग्यताको प्रमाण-पत्र प्रतिलिपी, नेपाली नागरिकताको प्रतिलिपी, पासपोर्ट साईजको फोटो-३ (तीन) प्रति र दरखास्त दस्तुर बुझाएको सक्कल बैंक भौचर, कार्यरत शिक्षक शिक्षिका तथा कर्मचारी को हकमा कार्यरत रहेको सम्बन्धित संस्थाको प्रमाणित कागजात ।

**दरखास्त दस्तुर** : तिरहुत गा.पा.को आन्तरिक राजश्व खाता नं. 2332050029509002 एन.आई.सि. एसिया बैंकमा जम्मा गरी सोको सक्कलै भौचर दरखास्त साथ पेश गर्नु पर्नेछ ।

(६) **दरखास्त दिने अन्तिम म्याद :** सूचना प्रकाशन भएको मितिले १५ (पन्द्र) औं दिन कार्यालय समय भित्र र सो दिन सार्वजनिक बिदा परेमा त्यसको भोलिपल्ट ।

(७) **सम्पर्क मिति :** दरखास्त दिने अन्तिम मितिको भोलिपल्ट ।

(८) **तलब स्केल :** गाउँ शिक्षा समितिको निर्णयानुसार ।

(९) **परिक्षा मिति :** सम्पर्क मिति पछि सूचना प्रकाशित गरिनेछ ।

(१०) **परिक्षाको पाठ्यक्रम :** सम्बन्धित तह र विषयसँग सम्बन्धित शिक्षक सेवा आयोगको पाठ्यक्रम लागू हुनेछ ।

(११) **परिक्षा किसिम :** प्रारम्भिक योग्यताक्रमको सूची प्रकाशन, लिखित, मौखिक र प्रयोगात्मक (पाले र स्वीपरको हकमा मौखिक मात्र) लिनेछ ।

(१२) **माथि उल्लेखित पदहरुको लागि न्यूनतम शैक्षिक योग्यता भन्दा माथिल्लो शैक्षिक योग्यता हासिल गरेको अनुभवी व्यक्तिहरुलाई विशेष ग्राहता दिइनेछ ।**

(१३) **माथि उल्लेखित पदहरुको लागि यस गाउँपालिका अर्न्तगत रहेका सामुदायीक विद्यालयमा कार्यरत रहेका निजिश्रोत, करार शिक्षक शिक्षिका तथा अन्य कर्मचारीको हकमा उमेर हद लागू हुने छैन ।**

(१४) **दरखास्त फारम पाईने स्थान :** गाउँपालिकाको वेवसाईट https://tirahutmun.gov.np/ वा गाउँपालिकाको कार्यालयको शिक्षा शाखाबाट प्राप्त गर्न सकिने छ ।

(१५) **दरखास्त दिने स्थान :** तिरहुत गाउँपालिका कार्यालयको शिक्षा शाखामा पेश गर्न सकिने छ । अत: माँग भए बमोजिमका कागजातहरु कार्यालय समयमा पेश नभएको खण्डमा कार्यालय जवाफदेही हुने छैन ।

तिरहुत गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय शिक्षा युवा तथा खेलकुद शाखा तिरहुत, सप्तरी मधेश प्रदेश, नेपाल

..................
छनौट समिति संयोक

**बोधार्थ :**

सूचना तथा प्रविधि शाखा : गाउँपालिकाको वेवसाईटमा अपलोड गरिदिनुहुन अनुरोध छ ।

https://tirahutmun.gov.np/ वा गाउँपालिकाको कार्यालयको शिक्षा शाखाबाट प्राप्त गर्न सकिने छ ।

CS CamScanner